## १.२१.४.१ फोहर मैला व्यवस्थापन ईकाइ

यस इकाइका प्रमुखले उपशाखा प्रमुख प्रति उत्तरदायी भई निम्न लिखित कार्यहरु आफू र आफू मातहतका कर्मचारीहरुद्वारा प्रभावकारी रुपमा कार्यान्वयन गर्नु गराउनु पर्नेछ ।

- नगर क्षेत्रको फोहरमैला व्यवस्थापन ( Solid waste management ) को लागि फोहरमैलाको संकलन, स्थानान्तरण, परिवहन, पुनः प्रयोग तथा अन्तिम निष्कासनका कार्यहरु सहभागितात्मक रुपमा संचालन गर्ने ।
- आवश्यकतानुसार ढल, नाला, तथा अन्य सार्वजनिक स्थानको तरल फोहर सफा गर्ने ।
- विशेष सरसफाई गर्न पर्ने क्षेत्रहरुको पहिचान गरी सरसफाइ गर्ने प्रवन्ध गर्ने । समुदायको सहभागिताका आधारमा घर घरको फोहर संकलन गर्ने ।
- फोहरमैला संकलन गर्दा सहभागिताका आधारमा श्रोतमै वर्गिकरण गर्ने ।
- प्लाष्टिकको प्रयोग घटाउन PPP को अवधारणा अनुरुप कार्य गर्ने ।
- वेवारिसे लासको दाह संस्कार गर्ने, धोवीघाट, मसानघाट, पशुवधशाला तोक्ने र सरसफाइको प्रवन्ध गर्ने, सार्वजनिक स्थानमा फ्याकिएका वा मरेका जीवजन्तुहरु नष्ट गर्ने तथा वैलाहा कुकुरको मारी नष्ट गर्ने ।
- सडकहरुको वगिकरण गरी सरसफाइ गर्ने ।
- सरसफाइमा न पा ले निर्धारित नियमलाई नमानी जथाभावी गर्नेलाई कानून अनुसार दण्ड जरिवाना गर्न सिफारिस गर्ने ।

- सार्वजनिक शौचालय संचालन तथा व्यवस्थापन गर्ने ।
- सरसफाइ सामाग्री तथा उपकरणहरुको समयमै माग गर्ने ।
- अन्तरगत कर्मचारीको कर्मचारी प्रशासन सम्वन्धि कार्य गर्ने ।
- आफ्नो सुपरिवेक्षक र का का अ ले वेला वेलामा दिने निर्देशनहरु पालना गर्ने ।
- उपशाखा प्रमुखको निर्देशनमा भैपरी आउने तथा अन्य काम गर्ने ।